कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्षः २४ | अंकः १५८ | वि.सं. २०८१ असोज २ बुधवार | नेपाल संवत: ११४४, भदौ शुक्ल पूर्णिमा | Wednesday 18 September. 2024 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५।-

# जनस्वास्थ्यमा गम्भीर खेलबाड गर्दै वीरेन्द्रनगरका पानी उद्योग

## अखाद्य वस्तु विक्रीवितरण गर्ने पाँच व्यवसायीमाथि मुद्दा

**ओम शाही**
**सुर्खेत, १ असोज ।**

व्यापार व्यवसायका नाममा वीरेन्द्रनगरका केही व्यापारीहरूले उपभोक्ताको स्वास्थ्यमाथि गम्भीर खेलबाड गर्ने गरेको भेटिएको छ । वीरेन्द्रनगरमा रहेका अधिकांश पानी व्यवसायीले जनस्वास्थ्यको ख्याल नै नगरी पानी विक्री वितरण गर्ने गरेको अनुगमनका क्रममा पाइएको हो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतले गर्ने नियमित बजार अनुगमन तथा निरीक्षणका क्रममा वीरेन्द्रनगरका पानी उद्योगहरुले दुषित खाद्य पदार्थ (प्रशोधित पिउने पानी) उत्पादन तथा बिक्री वितरण गर्ने गरेको पाइएको हो ।

जसमा वीरेन्द्रनगर-२, मा रहेको तिला कर्णाली पानी प्रशोद्धन उद्योगले पानी बोतल तथा जारमा प्याकिङ गर्नुअघि युभि (अल्टा भ्वाइलेट लाइट, यसले पानीमा रहेका हानिकारक जिवाणु मार्दछ) बिनै प्रशोद्धन गर्ने गरेको अनुगमनका क्रममा पाइएको छ । वीरेन्द्रनगरमा सञ्चालित एकाध बाहेक अधिकांशले बोतल र जार भर्ने/प्याकेजिङ स्थानभन्दा अघि युभि मेसिन जडान नगरेको, बोतल भर्ने मेसिन मर्मत नगर्ने गरेको खाद्यको अनगुमनबाट भेटिएको छ । यस्तै, प्रशोधि पिउने पानी उत्पादन निर्देशिकामा तोकिए बमोजिम अभिलेख व्यवस्थापन, निर्देशिकाको चेकलिष्ट भर्ने तथा अन्य अभिलेखसहित उद्योगको अनुज्ञापत्र नविकरण लगायतका काम पनि नभएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतका प्रमुख छितिज श्रेष्ठले बताए ।

यस्तै, वीरेन्द्रनगर-३, मा रहेको जय श्री प्रशोधित पिउने पानी उद्योगमा पनि युभी मेसिन बिनै पानी प्रशोद्धन हुने गरेको छ । यस उद्योगले पानी परिक्षण प्रयोगशालाका उपकरण मर्मत तथा व्यवस्थित गर्नतर्फ ध्यान नदिएको नियमित अनुगमनका क्रममा पाइएको छ । वीरेन्द्रनगर-१२, औद्योगिक क्षेत्रमा रहेको मध्यपश्चिम वाटर एण्ड वेभरेज प्रालिमा पनि फिलिङ मेसिन अगाडिको युभि मेसिनले काम नगरेको, प्रयोगशाला परिक्षण, उपकरण मर्मत सर्भिसको व्यवस्थित रेकर्ड नभेटिएको अनुगमनका क्रममा पाइएको छ ।

वीरेन्द्रनगर-१, मा रहेको कर्णाली प्रदेश वाटर एण्ड वेभरेज इन्डष्ट्रिजले अन्य उद्योगका जारहरु प्रयोग गर्ने गरेको छ । आफ्नो उद्योगको सफा र पारदर्शी जारको प्रयोग गर्नुको साटो यो उद्योगले लेबल अद्यावधिकसमेत गरेको छैन । कार्यालयले ५ साउन देखि ३० भदौसम्म नियमित बजार अनुगमन गरेको थियो । सोही क्रममा बर्षाको समयमा पिउने पानीको माध्ययमबाट संक्रामक रोगहरु फैलन सक्ने जोखिमलाई ध्यानमा राख्दै कार्यालयले वीरेन्द्रनगरका सात वटा प्रशोधित पिउने पानी उद्योगहरुको अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा देखिएका त्रुटिहरु तत्काल सुधार गर्न निर्देशन दिइएको

बाँकी ४ पेजमा




### अखाद्यवस्तु विक्री गर्ने पाँचविरुद्ध मुद्दा

कार्यालयले हालसम्म २० वटा खाद्य ऐन बर्खिलाप मुद्दा उठान गरेको छ । जसमध्ये पाँच वटा खाद्य ऐन २०२३ बर्खिलाप मुद्दा तयार गरेको छ भने चार वटा मुद्दा प्रारम्भिक अनुसन्धान गरी सम्बन्धित कार्यक्षेत्र हेर्ने कार्यालयमा पठाएको छ । दायर गरेका मध्ये दुई वटा जिल्ला प्रशासन कार्यालय र तीन वटा जिल्ला अदालाद सुर्खेतमा दायर भएका छन् । दायर भएका मुद्दामा दुषित मह उत्पादन तथा बिक्री वितरण गर्ने डिभाइन हिमालयन प्रालि चन्द्रागिरी काठमाडौं, लेवल नलगाएको घिउ बिक्री गर्ने गौरी डेरी उद्योग सुर्खेत, टिके मार्ट तथा सुर्खेत डेरी प्रालिका संचालकविरुद्ध लेवल नलगाएको घिउ उत्पादन तथा विक्रिवितरण गरेको अभियोगमा मुद्दा दर्ता भएको छ ।

यस्तै, अखाद्य रसायन मिसाई दुषित फेल्वर ड्रिङ्क उत्पादन तथा विक्रिवितरण गर्ने बुलबुले आइस प्याकिङ्ग उद्योग, दुषित खाद्य पदार्थ (प्रशोधित पिउने पानि) उत्पादन तथा बिक्रीवितरण गर्ने मध्यपश्चिम वाटर एण्ड वेभरेज प्रालि सुर्खेतविरुद्ध कार्यालयले प्रशासन तथा अदालतमा मुद्दा दायर गरेको हो ।

### रारा मसलामा खाद्यको सिल

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले रारा मसला उद्योगमा सिलबन्दी गरेको छ । वीरेन्द्रनगर-१, स्थित रारा मसला उद्योगको स्थलगत अनुगमन निरिक्षणका क्रममा खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ को दफा १७ को (ङ) बमोजिम प्याकेजिङ गरिएको खाद्य पदार्थको लेवलमा प्रयोग गरिने कुनै लिखत भनाई, चिन्ह डिजाइन लगायतका विवरण झुटो वा भ्रामक रुपमा प्रस्तुत गरी झुक्याई खाद्य पदार्थ विक्री वितरण गर्न नहुने प्रावधान छ । तर उद्योगले ब्रान्डको लेवल विवरण भएको त्यापरमा उत्पादकको नाम ठेगाना सिद्धार्थनगर-४, रुपन्देही उल्लेख गरेको अमन ब्रान्डको विभिन्न मसलाहरुको प्याकेजिङ र बिक्री वितरण गरिरहेको पाइएपछि झण्डै ६ सय ५० किलोग्राम त्यापर उद्योगकै जिम्मामा रहने गरी सिलबन्दी गरिएको हो ।

# दुई महिनाको सरकारी बजेट खर्च सात प्रतिशत

**युग संवाददाता**
**काठमाडौँ, १ असोज ।**

चालु आर्थिक वर्ष २०८१/८२ को सुरुवाती दुई महिनामा सरकारको बजेट खर्च करिब साढे सात प्रतिशत देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत भदौ मसान्तसम्ममा कूल विनियोजनको सात दशमलव ३९ प्रतिशत अर्थात् रु एक खर्ब ३७ अर्ब ५५ करोड २७ लाख बराबर बजेट खर्च भएको हो ।

चालु आवका लागि सरकारले कूल रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो । यो अवधिमा चालुतर्फ सात दशमलव २८ प्रतिशत अर्थात् रु ८२ अर्ब ९८ करोड ६५ लाख बराबर खर्च भएको छ ।

चालु आवका लागि सरकारले चालु शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बराबर विनियोजन गरेको थियो ।

पुँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर बजेट विनियोजन भएकोमा चार दशमलव २३ प्रतिशत अर्थात् रु १४ अर्ब ८९ करोड ४० लाख बराबर खर्च भएको छ ।

वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकामा १० दशमलव आठ प्रतिशत अर्थात् रु ३९ अर्ब ६७ करोड २२ लाख बराबर खर्च भएको छ ।

यही अवधिमा सरकारले वार्षिक लक्ष्यको ११ दशमलव ५२ प्रतिशत राजस्व असुली गरेको छ । चालु आवका लागि कूल रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा भदौ मसान्तसम्ममा रु एक खर्ब ६९ अर्ब ५१ करोड ७९ लाख बराबर सङ्कलन भएको छ ।

यो अवधिमा सङ्कलित राजस्वमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ११ दशमलव ३१ प्रतिशत अर्थात् रु एक खर्ब ४५ अर्ब १९ लाख ३३ हजार असुली भएको छ । कर राजस्वतर्फ सरकारले कूल रु १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख बराबर उठाउने वार्षिक लक्ष्य राखेको छ ।

गैरकर राजस्वतर्फ रु एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख बराबर वार्षिक लक्ष्य राखिएकोमा १५ दशमलव ६९ प्रतिशत अर्थात् रु २१ अर्ब १९ करोड ४३ लाख बराबर सङ्कलन भएको छ । चालु आवका लागि सरकारले रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा हालसम्म वैदेशिक अनुदान उठाउन सकेको छैन ।

डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:** ९८२९६७५६५०, ९७६९७७२९२३




# जीप दुर्घटनामा घाइते दुई जनाको मृत्यु



**युग संवाददाता**
**सल्यान, १ असोज ।**

सल्यानमा बोलेरो जिप दुर्घटनामा परी घाइते भएका दुईजनाको मृत्यु भएको छ । जिल्लाको त्रिवेणी गाउँपालिका-४ फलाबाङ्गबाट लुहाम बजार आउँदै गरेको रा १ च १०४३ नम्बरको बोलेरो जीप सोमबार बेलुकी पुतली दरबार नजिकै दुर्घटना हुँदा भएको थियो ।

दुर्घटनामा परी गम्भीर घाइते भएका ५५ वर्षीय टोपबहादुर साहु र ५२ वर्षीय लाली रावतको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ । घाइते भएका साहुको गएराती सल्यान जिल्ला अस्पताल र रावतको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारको क्रममा मंगलवार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी प्रहरी निरीक्षक रेशम बहादुर खत्रीले जानकारी दिए ।

उनका अनुसार अन्य घाइतेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ घोराहीमा उपचार भइरहेको छ । घाइते तीनै जनाको अवस्था सामान्य रहेको उनको भनाई छ । सडक बिग्रेकाले जिप अनियन्त्रित भएर दुर्घटनामा परेको उनले जानकारी दिए । उनका अनुसार दुर्घटनामा परेको जिप सडकदेखि २५ मिटर तल खसेको छ । सोमबार बेलुकी जिप दुर्घटना हुँदा त्रिवेणी गाउँपालिका-३ घर भएका चालक २८ वर्षीय कमल रेउले, वडा नं. ४ का वर्ष ५५ का टोपबहादुर साहु, वर्ष ५५ की लाली रावत, वर्षका ४० की पूर्णकला बस्नेत, वर्ष २९ का रबिन्स महतरा घाइते भएका थिए ।

# घरबाटै बसको टिकट काटन सकिने

**युग संवाददाता**
**सुर्खेत, १ असोज ।**

भिजिट कर्णाली यातायात प्रालि प्रधान कार्यालय सुर्खेतले मोबाइल एप सार्वजनिक गरेको छ । प्रालिले मंगलबार वीरेन्द्रनगरमा पत्रकार सम्मेलन मार्फत मोबाइल एप सार्वजनिक गरेको हो । प्रा.लिले मोबाइल एस सेवा शुभारम्भ गरेपछि अब जोसुकै यात्रुले घरमै बसेर सजिलै टिकट काट्न सक्नेछन् । मोबाइल एप सार्वजनिक गर्दै प्रा.लिका अध्यक्ष प्रकाशकुमार शाहीले यात्रुलाई अब गाडीको टिकट काट्नकै लागि बसपार्क तथा समितिको कार्यालयसम्म पुग्नुपर्ने बाध्यता हटेको बताए ।

उनका अनुसार यात्रुहरुले मोबाइल एपबाट टिकट काट्दै आफ्नै रोजाईको सवारीसाधनमा यात्रा गर्न सक्नेछन् । भने यात्रुका लागि सुरक्षित यात्रा गर्न, कम खर्चमा यात्रा गर्न, भाडामा नठगिन र समयको बचत गर्न पनि मोबाइल एप उपयुक्त देखिएको छ ।

'हामि २१ औ सताब्दिको डिजिटल युगमा पुगीसके पनि पुरानै सैलिमा यातायात सेवा लिइरहेका छौ । यसलाई युगको




मागसँगै डिजिटल वनाउदै हामी यो क्षेत्रलाई परिर्वतन गर्न चाहान्छौ' अध्यक्ष शाहीले भने, 'घर घरवाट यातायात सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन भिजिट कर्णाली यातायात प्रा ली नामको अनलाईन मोवाईल एपबाट विधिवत रुपमा सेवा सुचारु गरीएको छ । समयको माग अनुसार सार्वजानिक यातायातलाई डिजिटल मैत्रि बनाउदै यात्रुहरुलाई घर घरमै यातायात सेवा दिदै सेवालाई स्तरीय भरपर्दो र सुरक्षित वनाउन यो एप निर्माण गरिएको हो ।'

उनका अनुसार भिजिट कर्णालीले हाल सुर्खेत- जुम्ला, सुर्खेतकालिकोट, सुर्खेत वाजुरा (पिलीचौर), सुर्खेत पचालझरना, सुर्खेत रास्कोट सुर्खेत नरहरीनाथ, सुर्खेत जम्बुकाँध, सुर्खेत दैलेख बजार, सुर्खेत-वेस्तडा, सुर्खेत-जाजरकोट (दसेरा), सुर्खेत नेपालगंज, नेपालगंज-दैलेख, वीरेन्द्रनगर मटेला, पाम्का र वीरेन्द्रनगर-पिलाडीमा सेवा दिइरहेको छ । अब छिट्टै सुर्खेत-काठमाडौं लक्जरी बस हाल्ने तयारी भइरहेको प्रा.लिले जनाएको छ ।

'ट्राफिक जामको न्युनिकरण गर्न हामि व्यवसाय गर्ने मात्र नभएर सामाजिक उत्तर दाईत्व पनि बहन गर्दछौ' अध्यक्ष शाहीले थपे, 'स्थापना देखि हालसम्म वृद्ध, अशक्त र अपाङ्गता भयका व्यक्तीलाई पनि ५०% छुट दिईरहेका छौं । खेलकुद तर्फ पनि हामीले नगद, जर्सि पानी जस्ता सहयोग गरीरहेका छौ । मानव अधिकार तथा सान्तिसमाज लाई पनि नगद सहयोग गरेका छौं ।'

# ‘संविधान संशोधनको विषय मनोगत नभई वस्तुगत हुनुपर्छ’

*सभामुख देवराज घिमिरेले संविधान संशोधनको विषय मनोगत नभई वस्तुगत आधारमा व्यवस्थित ढङ्गबाट अगाडि बढाउनुपर्ने बताउनुभएको छ। उहाँले संशोधन गर्नुपूर्व संविधान कार्यान्वयन गर्दा देखिएका कमीकमजोरी के हुन् भन्ने पनि विश्लेषण गरिनुपर्ने औँल्याउनुभएको छ । विसं २०७२ मा ‘नेपालको संविधान’ जारीपछि मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको र समग्ररूपमा जनजीवनमा महसुस हुने गरी उल्लेखनीय सकारात्मक परिवर्तन भइरहेको जिकिर गर्दै उहाँले राज्यसँग सीमित स्रोतसाधन भए पनि समग्रमा भएका प्रगति धेरै उल्लेखनीय रहेको बताउनुभएको छ। सभामुख घिमिरेले जनताको जीवनस्तर माथि उठेको तथा तिनले आधारभूत स्वास्थ्य सेवा र शिक्षा केही हदसम्म पाएको पनि जनाउनुभएको छ।*

*संविधान दिवस-२०८१ का सन्दर्भमा प्रतिनिधिसभाका सभामुख घिमिरेसँग राससका निमित्त प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने र समाचारदाता कालिका खड्काले संविधान संशोधन, कानुन निर्माण र समसामयिक विषयमा केन्द्रित रही लिएको अन्तर्वार्ताको सम्पादित अंश :*

**❖ सभामुखज्यू, सङ्घीय लोकतन्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ गर्न प्रतिनिधिसभाले के–कस्तो भूमिका निर्वाह गरिरहेको छ ?**

नेपालको संविधान जारी भएको नौ वर्ष भयो। यहाँसम्म आइपुग्दा संसद्का कामलाई प्रभावकारी तुल्याउन प्रयत्न भइरहेको छ। संविधान जारी भएको पहिलो निर्वाचनपछि गठित संसद् कानुन बनाउने कार्यमा मूलभूत रूपमा केन्द्रित भयो। त्यसबेला नै जरुरी परेका कानुन धेरथोर बनाउने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई प्रभावकारी तुल्याउने काम भयो। दोस्रो निर्वाचनपछि पनि थप आवश्यक कानुन बनाउने कार्यमा संसद् अहिले पनि क्रियाशील नै छ। त्यससँगै कानुन कार्यान्वयन कसरी भइरहेको छ, त्यसको अवलोकन गर्ने तथा कार्यान्वयनका लागि आवश्यक बहस र छलफल गरी सरकारलाई सल्लाह, सुझाव र निर्देशन दिने काममा अलि बढी ध्यान केन्द्रित भएका छौँ।

**❖ राजनीतिक फेरबदलले यसबीचमा संसद्को नियमित कार्यमा केही असर पर्‍यो कि ?**

यसबीचमा परिस्थिति अलि भिन्न ढङ्गबाट विकास भएर आयो। सङ्घीय संसद्को बनावट आफैँमा एउटा दलको मात्र बहुमत र सरकार बन्न सक्ने अवस्थाको छैन। ससाना दल मिलेर सरकार बने। त्यस्ता सरकार पनि छोटो समयमै फेरबदल भइरह्यो। यसले संसद्का नियमित गतिविधिलाई केही न केही प्रभाव पार्दोरहेछ, गर्‍यो पनि। प्रदेशमा पनि त्यसको असर गम्भीर रूपबाट देखापर्‍यो। सबैजसो प्रदेशमा सरकार बन्ने तथा निरन्तर र नियमित संसद् बैठक चल्ने एवं यसप्रति उत्तरदायी भएर काम गर्ने, बनेका कानुन कार्यान्वयन गर्ने र परिणाम दिनेमा समस्या देखियो।

केन्द्रमा पनि अपेक्षाकृत रूपबाट दोस्रो संसद्ले पनि काम गर्न सकेन। करिब दुईवर्षे यस अवधिमा संसद्ले अति गति लिनुपर्थ्यो तर यसको भूमिका र संविधान कार्यान्वयनको पाटो प्रभावकारी भएन तथा संविधान र संसद्को लोकप्रियता घट्यो भन्ने ढङ्गको टीकाटिप्पणी हुनु पनि आवश्यक छैन। बरु जनताका भावना सांसद्मार्फत प्रत्यक्ष आउने कुरा अझ मुखरित गरिएको छ। तलका आवश्यकता र जनताका भनाइ के छन् भन्ने कुरा देशको कार्यकारी प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर तथा सामूहिक विषयमा बहस र छलफल चलाउने कार्यबाट सजीव, प्रभावकारी र नियमित ढङ्गबाट प्राप्त भइरहेको छ। त्यस्तै जरुरी परेका विधेयकमाथि प्राथमिकताका साथ छलफल गरी समयसीमाभित्र टुङ्ग्याउने कार्यमा अहिले संसद् केन्द्रित छ। यसलाई नियमित ढङ्गबाट सञ्चालन गर्न ‘क्यालेन्डर’ बनाएर कार्यसूचीका आधारमा जान प्रयत्न भइरहेको छ।

**❖ एकातिर नेपालको संविधान कार्यान्वयनसँग प्रत्यक्ष जोडिएका अझै केही ऐन बनाउनुपर्नेछ भने अर्कातर्फ बनेका कानुन कार्यान्वयनको अवस्था कस्तो पाउनुभएको छ ?**

कुन कानुन, कुन क्षेत्रमा बनेन र कुन कानुनको अभाव भयो वा कुनै क्षेत्रमा काम भएन भन्ने कुरा मूर्त रूपमा आएको छैन। बरु यसलाई नकारात्मक सोचबाट प्रचार गर्न खोजिएको छ। संविधानसम्मत कानुन पहिलो निर्वाचनपछिको संसद्बाट बनिसकेको छ। कतिपय कानुनमा पुराना प्रावधान, भनाइ र शब्दावली मिलाउनुपर्ने छ।

खासगरी सङ्घीयता कार्यान्वयनसँग जोडिएका सङ्घीय निजामती सेवा ऐन परिवर्तित सन्दर्भमा समयसीमाभित्र आउनुपर्थ्यो, त्यो अहिले पनि आउन सकेको छैन। त्यसबाट देशका कर्मचारी कोप्रति उत्तरदायी हुने, खासगरी प्रदेश र स्थानीय तहमा कसरी उनीहरूले काम गर्ने भन्ने थोरै समस्या देखिएको छ। त्यसलाई प्राथमिकताका साथ पेस गर्नुपर्छ भनी संसद्ले कोसिस गर्दै सरकारको ध्यानाकर्षण गराएको छ। प्रधानमन्त्रीलाई यसमा संसद्ले प्रेरित र सहयोग गर्‍यो। परिणामस्वरूप अहिले संसद्मा पेस भएको छ। यसलाई प्राथमिकताका साथ दफावार छलफल गरी टुङ्ग्याउन समितिमा पठाइएको छ। संसद्को अहिले चलिरहेको अधिवेशनमा बढी समय यसमा बिताउनुपरेको छ। त्यसमा पनि कतिपय बजेटसँग सम्बन्धित कानुनलाई प्राथमिकताका साथ तुरुन्त पारित गर्नुपरेको छ। त्यसले पनि निजामती सेवालगायत विधेयक अघि बढाउन केही ढिला भएको छ, अब छिटो टुङ्ग्याउने गरी जानुपर्छ।

अर्को विद्यालय शिक्षा विधेयक छ। संविधानअनुरूप तलका निकायले शिक्षालाई कसरी व्यवस्थित गर्ने भन्ने विषय छ। प्रदेश र स्थानीय तहमा उठेको विषय र शिक्षासँग जोडिएको विधेयक महत्त्वपूर्ण छ। यसलाई पनि प्राथमिकताका साथ अघि बढाएर टुङ्ग्याउनुपर्छ। यसैसँग गाँसिएको प्रहरी समायोजन कसरी गर्ने भन्ने छ। समायोजनसँग सम्बन्धित भई विधेयकलाई पनि निष्कर्षमा पुर्‍याउन अहिलेको सरकार सञ्चालनमा आइरहेका फेरबदलले पनि केही ढिलाइ गर्‍यो। संसद्को यसमा आवश्यक ध्यान पुगेको छ र सरकारसँग छलफल र कुराकानी भइरहेको छ। यस अधिवेशनमै ती विधेयक ल्याउन सरकारले प्रयत्न गरिरहे पनि सदनमा प्रवेश भने पाएको छैन। सरकारको प्रयासप्रति संसद्को ध्यानाकर्षण भइरहेको छ। संविधान कार्यान्वयनसँग जोडिएका विधेयकलाई अब समयभित्रै परिणाम देखिने गरी टुङ्ग्याऔँ भन्ने छ। महत्त्वपूर्ण विधेयक आउने क्रममा छ।



**❖ संसद्मा प्रतिनिधित्व गर्ने ठूला दलको स्पष्ट बहुमत प्राप्त सरकार छ, विधेयकहरू छिटो अघि बढाउने सन्दर्भमा संसद् स्वयंले केकस्तो कार्यतालिका बनाएको छ ?**

हो, संसद्ले कार्यतालिका बनाएको छ, विधेयकलाई यसरी छिटो लैजानुपर्छ भनी छलफलको सुरुआत गराएको छ। समयमै यसलाई प्राथमिकताका साथ समितिमा पुर्‍याइएको छ। त्यहाँ बहस र छलफल भइरहेको छ। असार मसान्तभित्रमै बजेट पारित गर्नुपर्ने र त्यससँग आश्रित विधेयक पास गरी कानुन बनाउनुपर्नेतर्फ ध्यान र समय खर्चनुपर्‍यो। अब भने ती महत्त्वपूर्ण विषयसँग सम्बन्धित विधेयकमा केन्द्रित भएका छौँ। नतिजा निकाल्न ‘क्यालेन्डर’ बनाएर कोसिस गरिरहेका छौँ। समितिलाई तलसम्मको राय-परामर्श, आवश्यक बहस, छलफल र अवलोकनसमेत गरी त्यसमा लाग्नूस् भनिएको छ। मिल्दाजुल्दा प्रणाली अवलम्बन गरेका मुलुकको अभ्यास समेत बुझ्नुपर्ने आवश्यकता छ। यसरी विधेयक सिलसिलेवार ढङ्गबाट लैजानुपर्छ भनी कार्ययोजना बनाएर अघि बढाउने काम भइरहेको छ।

**❖ सुदृढ संसदीय व्यवस्था भएका मुलुकमा धेरैजसो सांसदका तर्फबाट गैरसरकारी विधेयक संसद्मा पेस गर्ने अभ्यास देखिन्छ, संसद्को अभिभावक भएका हिसाबले यसमा यहाँले केही सोच्नुभएको छ ?**

जरुर। परम्परागत ढङ्गबाट चार सय वर्षसम्म संसदीय अभ्यास गरेका, दुई सय वर्षदेखि प्रयास गरेका मुलुकका तुलनामा हामीले करिब एक दशकका बीचमा यी क्षेत्रमा धेरै सोचिरहेका र प्रगति गरिरहेका छौँ। निजी क्षेत्रबाट आउने प्राइभेट बिल वा सरकारले ल्याउने सरकारी विधेयक बीचमा तादात्म्य मिलाउनुपर्नेछ। विधेयक भन्नासाथ व्ययभारको कुरा स्वाभाविक आउँछ। राज्यलाई व्ययभार कति पर्छ, कहाँबाट पूरा गर्छौं, हाम्रो स्थिति के छ, त्यसले राष्ट्रिय आम्दानीमा कति फाइदा गर्छ भनी लेखाजोखा गरिनुपर्छ। यी सबै सरकारसँग गाँसिएको विषय भएकाले तादात्म्य मिलाउन र सल्लाह गर्नुपर्ने जरुरी छ। अर्कातर्फ यस अवधिमा निजी क्षेत्रका तर्फबाट बिल भटाभट ल्याउन सक्ने सांसदका क्षमता र व्यावहारिकता पनि हेर्नुपर्छ।

**❖ नेपाली जनताले पहिलोपटक आफैँले लेखेको संविधान बनेपछि प्रत्यक्ष रूपमा के के लाभ प्राप्त गरे त ?**

जनप्रतिनिधिमार्फत हाम्रा माग राज्यले सम्बोधन गर्छ, चाहनालाई प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयनमा लान सकिन्छ, स्थानीय तहमार्फत न्याय-निसाफ निरुपण हुन्छ। प्रादेशिक अवस्थाका आधारबाट ऐन, कानुन र नीति निर्माण गरी प्रत्यक्ष सरकारको महसुस गर्छौं भन्ने जनतामा अनुभूति भएको छ। तथापि केही ठाउँमा भइरहेका विकृति र गलत अभ्यास, न्याय निरुपण गर्ने सन्दर्भमा भएका कतिपय पक्षपात, समयमा योजना पूरा गरेर प्रतिफल पाउने कार्यमा भएका कमजोरीलाई लिएर अलि बढी नै प्रचार भइरहेको छ। यदि यस प्रणालीअन्तर्गत खासगरी संविधानका मातहतबाट गरिएका यी काम नभएको भए राज्यबाट जनताले ‘डेलिभरी’ प्राप्त गर्न सम्भव थिएन।

योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम विभिन्न ठाउँमा स्थानीय तहले नै अपनाउन पुगेका छन्। उदाहरणका लागि मकवानपुरको भीमफेदी गाउँपालिकामा भारी बोकेर जीवन निर्वाह गर्नेहरू सामाजिक सुरक्षा कोषमा समेटिएको अवस्था छ। यस तरिकाबाट भविष्य सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन भएको छ। हामीले यस खाले संरचना र व्यवस्था तल कायम गरेका हुँदैनथ्यौँ भने त्यहाँका जनता केन्द्रको नीति र कार्यक्रमबाट के प्राप्त हुन्छ भनेर पर्खेर बस्नुपर्थ्यो। अहिले ठाउँका विशेषताका आधारमा जनहितका विभिन्न कार्यक्रम अघि बढिरहे पनि कमीकमजोरी नै बढी प्रचारित छ।

संविधान कार्यान्वयन गर्ने सन्दर्भमा कतिपय कानुन र कर्मचारीको अभाव छ, कर्मचारीको वृत्तिविकास र ती कोप्रति उत्तरदायी हुने भन्ने विषय स्पष्ट छैन। त्यस्तै शिक्षा सञ्चालन गर्ने, तदनुकूल पाठक्रम तयारी गर्ने र काम लगाउने विषयको अभाव छ। आधारभूत सेवा प्रवाह गर्ने कुरामा निकायहरू लागिरहेकाले परिणाम जनताका जीवनमा सकारात्मक नतिजा आएको छ जुन ठुलो उपलब्धि हो।

तलका जनताले प्रत्यक्ष के पाइहेका छन्, तिनको जीवनस्तर माथि उठ्यो कि उठेन, आधारभूत शिक्षा र स्वास्थ्य सेवा पाए/पाएनन् भन्ने दृष्टिबाट हेर्दा तुलनात्मक र समग्र रूपमा भएका प्रगति उल्लेखनीय छन्। सुधार्ने धेरै ठाउँ छ, यसलाई मसिनो गरी हेर्ने, देख्ने र बुझ्ने तथा महसुस गर्ने र प्रचार गर्ने कुराको अझै अभाव छ।

**❖ राजनीतिक दल सत्ता प्राप्तितिर नै केन्द्रित भए, जनताले ‘सर्भिस डेलिभरी’ पाएनन् भन्ने गुनासो पनि छ नि ?**

सरकारप्रति मात्रै राजनीतिक दल लागे भन्ने कुरा मिल्दो छैन। अहिले म यो वा त्यो गरिदिन्छु भनेर कोही चुनाव प्रसार र भोट माग्दै हिँडेका छन् र ? फेरबदलको जहाँसम्म कुरा छ, बहुमतका लागि एउटा दलको मात्र सांसद सङ्ख्या नपुगेपछि, दलबीच कुरा नमिलेपछि, सहमति नभएपछि, हिजो सहमति भएका विषयमा पनि असससहमति भएपछि परिवर्तन हुन्छ नै। यसलाई दलहरू सरकार परिवर्तनमा मात्रै लागे भन्ने अर्थमा बुझ्नुहुँदैन।

सरकार सञ्चालनमा नीतिगत, व्यावहारिक एकता हुनुपर्छ। स्थिर सरकारका अभावमा एउटा सरकारले एउटा नीति र कार्ययोजना तयार गरिरहेकै अवस्थामा सरकार परिवर्तन हुन सक्छ। जुन जनमत प्राप्त गरेर बनेको संसद् हो, त्यसप्रति उत्तरदायी हुनुपर्ने सरकार अघि बढ्न नसकेपछि अर्को सरकार त त्यहीँ भित्रबाट बन्ने हो नि ! उसका योजना कार्यान्वयन हुन नपाउँदै नयाँ सरकार आउने परिस्थिति बन्यो। यो कार्यकालमै पनि तीनचारपटक परिवर्तन भइसकेको छ। अनि यसले जसरी परिणाम दिनुपर्थ्यो, त्यो सकेको अवस्था छैन। तथापि “मलाई मतदान गर्नूस्, मेरो कार्यक्रम यो छ” भनेर अहिले दलहरू गए भने मात्र ती सरकार बनाउन लागिरहे भनी आलोचना गर्दा उचित हुन्छ।

अहिले त्यो स्थिति होइन, भइरहेकै अवस्थाबाट अघि बढ्ने हो। कतिपय नीति तथा कार्यक्रम र बजेटले नै पनि निरन्तरता पाएकै छ। विसं २०८१ को बजेट ल्याउँदा एउटा सरकार थियो, असार मसान्तसम्म आइपुग्दा नयाँ सरकार गठनको परिस्थिति बन्यो। एउटाले नीति र कार्यक्रम पेस गर्‍यो, अर्को सरकारले निरन्तरता दिइरहेको छ। सरकार फेरबदल भए पनि कतिपय नीति र कार्यक्रम वा बजेट जस्ता आधारभूत विषयलाई निरन्तरता दिने बाध्यता र अवस्था छ। यद्यपि स्थिर सरकारले जनतालाई दिने ‘डेलिभरी’ बारे मात्र मूल्याङ्कन गर्न सजिलो हुन्छ।

> “हामीले यस खाले संरचना र व्यवस्था तल कायम गरेका हुँदैनथ्यौँ भने त्यहाँका जनता केन्द्रको नीति र कार्यक्रमबाट के प्राप्त हुन्छ भनेर पर्खेर बस्नुपर्थ्यो।

**❖ यस अवधिमा राजनीतिक विकास र स्थायित्वको पक्षलाई कसरी अघि बढाइयो ? त्यसमा यहाँका केही सुझाव पनि छन् कि ?**

राजनीतिक दलको उपस्थिति संसद्मा जे-जसरी भयो, त्यसमा सम्भव भएसम्म अलि फराकिलो ढङ्गबाट हिँड्नुपर्ने थियो। सरकारलाई टिकाउ बनाएर लैजान नयाँ गठबन्धन बनेको छ, नतिजा हेर्न बाँकी नै छ। यो हाम्रो अस्थिरता र निरन्तरताले ल्याएका समस्या हुन्। यसको अन्त्य गर्दै सेवा प्रवाहलाई चुस्त तुल्याउनुपर्छ। विकास निर्माणलाई परिणाममुखी बनाएर लैजानुपर्छ भन्ने कुराको महसुस गरेर नै अहिले ठूला दल मिलेर सरकार बन्यो। यसबाट तुलनात्मक ढङ्गबाट राजनीतिक स्थिरता हुन्छ। अब परिणाम दिनेगरी अघि जानुपर्छ।

**❖ नयाँ सरकार गठनको पृष्ठभूमि संविधान संशोधनसँग पनि जोडिएको छ, यसलाई कसरी हेर्नुभएको छ ?**

संविधान कार्यान्वयन गर्ने सन्दर्भमा देखिएका अप्ठयारा हटाउन संशोधन जरुरी र स्वाभाविक हो। तर अहिले नै कुन कुन विषयले संविधान कार्यान्वयनमा असजिलो देखापर्‍यो र त्यसमा के के कुरा संशोधन गर्नुपर्छ भन्ने तहमा बहस र छलफल विधिवत् ढङ्गबाट अगाडि आइसकेको छैन। तर यसबीचमा संविधान जति कार्यान्वयन गरियो, त्यस सन्दर्भमा संशोधन गरेर जाँदा राम्रो हुने पक्ष पनि छन्। संशोधनमा पक्ष र विपक्षभन्दा पनि यथार्थ के हो, कार्यान्वयनमा जाँदा अप्ठेरो देखा परेका के हुन्, त्यस अनुभवका आधारमा सौहार्द्र र विधिवत् ढङ्गबाट विषय प्रवेश गर्ने, विषयको छनोट गर्ने, बहस र छलफल गर्ने, कसलाई सजिलो वा अप्ठयारो तथा जित वा हार नभई व्यावहारिक रूपमा के कुराले अप्ठेरो भयो, संविधानका कुन कुन धारा, उपधाराले समस्या भयो भनी छलफल गर्ने वातावरण बन्दै आएको छ। हिजो संसद्मा सहमति र समझदारीको स्थिति नहुँदा जरुरी कुरा पनि सम्भव थिएन, अहिले सम्भव देखिएको छ। अहिले नै यो यो गर्न सरकार बनेको हो भने जसरी बाहिर विषय आएका छन्, त्यो भने अलि सतही हो।

**❖ महत्वपूर्ण विधेयक छलफल भइरहेका बेला विगतमा परामर्शको पक्ष बेवास्ता गरी अचानक सदनको अधिवेशन अन्त्य गरियो भन्ने आरोप सुनिन्थ्यो, यसमा सरकार र संसद्बीचको सम्बन्ध कस्तो हुनुपर्छ ?**

विधेयक त संसद्ले बनाउँछ तर चाहिएको त सरकारलाई नै हो नि ! त्यसैले अचानक बन्द गर्ने, चाहिँदा खोल्ने र फेरि बन्द गर्ने भनेकै विधेयकको आवश्यकतानुसार हो। अचानकभन्दा पनि उसको

► बाँकी ३ पेजमा

## विश्व

# मेटाद्वारा विदेशी हस्तक्षेप गतिविधि बढाएको आरोपमा रुसी सञ्चारमाध्यम प्रतिबन्धित

**सान फ्रान्सिस्को, १ असोज ।**

टेक जायन्ट कम्पनी मेटाले सोमबार विदेशी हस्तक्षेप गतिविधि बढाएका कारण आफ्नो फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, थ्रेड्सलगायतका सामाजिक सञ्जालबाट रूसी सरकार समर्थित सञ्चारमाध्यमलाई विश्वव्यापी रुपमा प्रतिबन्ध लगाएको छ।

संयुक्त राज्य अमेरिकाले रुस समर्थित सामाचारमाध्यम आरटीको कर्मचारी र यसका प्रधानसम्पादकलाई अमेरिकी चुनावलाई प्रभाव पार्ने आरोपमा प्रतिबन्ध लगाएको केही समयपछि मेटाले यो घोषणा गरेको हो।

यूएस स्टेट डिपार्टमेन्टले आरटी लाई युरोप, अफ्रिका र उत्तर र दक्षिण अमेरिकाका देशहरूमा ‘सूचना सञ्चालन, गुप्त प्रभाव र सैन्य खरिद’ मा संलग्न भएको आरोप लगाएको छ। “सावधानीपूर्वक विचार गरेपछि, हामीले रूसको राष्ट्रिय सञ्चारमाध्यम विरुद्ध हाम्रो चलिरहेको प्रवर्तन विस्तार गरेका हौँ ”,मेटाले बताएको छ।“रोसिया सेगोडन्या, आरटी र अन्य सम्बन्धित संस्थाहरूलाई अब विदेशी हस्तक्षेप गतिविधिका लागि विश्वव्यापी रूपमा हाम्रा सञ्जालहरुबाट प्रतिबन्ध लगाइएको छ”, मेटाले भन्यो ।

सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमा आक्रमण गरेपछि आरटीलाई गैरकानुनी रुपमा सञ्चालित रहेको आरोपमा बेलायत, क्यानडा, युरोपेली सङ्घ र संयुक्त राज्य अमेरिकामा औपचारिक रुपमा प्रतिबन्ध लगाइएको थियो।

आरटीमाथि अमेरिकाविरुद्ध भ्रामक सूचना फैलाउने गोप्य परियोजनाको रुपमा अनलाइन सामग्री निर्माण कम्पनी ‘टेनेसी’लाई वित्तपोषण गरेको अभियोग लगाइएको हो।

सन् २०२३ को अन्त्यमा सुरु भएदेखि रुसले समर्थन गरेको अमेरिकी अनलाइन सामग्री निर्माण कम्पनीले अमेरिकाविरुद्ध लगभग २ हजार भिडियो पोस्ट गरेको छ। भिडियोहरु युट्युबमा मात्रै एक करोड ६० लाखभन्दा बढी पटक हेरिएको अभियोगमा उल्लेख गरिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — उन्नति एवं प्रगतिको वातावरण बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ।

**वृष** — आज कुनै कुराले मन प्रसन्न रहनेछ। रोकिएको काम दोहोर्‍याएर गर्दा फाइदा हुनेछ। समाजसेवामा मन लाग्नेछ। विशिष्ट व्यक्तिको साथ पाइनेछ।

**मिथुन** — आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ। शुभकार्यको चर्चा चल्नेछ। भूमिबाट पनि लाभ रहला।

**कर्कट** — आज फजूलको धन खर्च हुनसक्छ। घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ। मनमा दुबिधा उत्पन्न हुनेछ। चोटपटकको भय छ सचेत रहनुहोला।

**सिंह** — आज रचनात्मक काममा जुट्ने समय छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ। वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला।

**कन्या** — नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला। आर्थिक कारोबारमा सफलता पाइएला। साथीभाइबाट बढी फाइदा लिने समय छ।

**तुला** — धार्मिक कार्यमा सरिक भइने छ। शुभकार्यको चर्चा चल्नेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आस मारेको काम बन्न सक्छ।

**वृश्चिक** — अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। अनवास्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ।

**धनु** — नयाँ व्यक्ति सँग भेटघाट हुनेछ। रोकिएको धन हात पर्ला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**मकर** — रोकिएका काम पुनः सुरु हुन सक्छन्। श्रमको उचित मूल्याङ्कन हुनेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**कुम्भ** — आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला। विद्या र बुद्धिको विकास हुनेछ। आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

**मीन** — दबाब र तनाव बढेको महसुस हुनेछ। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ।

# 'वन्यजन्तु पुल'ले घटायो जोखिम

**सविन शर्मा**
**बर्दिया, १ असोज ।**

सडक र अन्य भौतिक पूर्वाधारले वन्यजन्तु जोखिममा परिरहँदा बर्दियामा भने वन्यजन्तुलाई राहत मिलेको छ । बबई सिँचाइ आयोजनामा वन्यजन्तुमैत्री पुल/संरचना निर्माण गरिएपछि वन्यजन्तु मृत्युदर घटेको छ ।


नहरमा पुल निर्माण हुनुपूर्व हरेक वर्ष औसतमा ४/५ वटा वन्यजन्तुको मृत्यु हुने गरेकोमा एक वर्षयता त्यस्तो अप्रिय घटना भएको छैन । कूल ४१ किलोमिटर लामो नहरको दुई खण्डमा वन्यजन्तुमैत्री पुल/संरचना निर्माण गरिएको छ । आयोजनाको पश्चिमतर्फको मुख्य नहरमा वन्यजन्तु लक्षित दुईवटा पुल निर्माण भएका छन् । बर्दिया निकुञ्जको मध्यवर्ती क्षेत्र बबई नदी किनार नजिकै एउटा र अर्को पुल वसन्ता करिडोर क्षेत्रमा निर्माण गरिएको छ ।

पुल निर्माण भएपछि नहरमा डुबेर मृत्यु हुने जनावरको संख्या धेरै घटेको डिभिजन वन कार्यालय बर्दियाका वन अधिकृत द्रोणराज शर्माले जानकारी दिए । उनका अनुसार बबई नहरमा आर्थिक वर्ष २०७८/०७९मा १५ वटा जनावर डुबेका थिए । तीमध्ये १२ वटाको उद्धार गरिएकोमा ३ वटा चित्तलको मृत्यु भएको थियो । यसैगरी आर्थिक वर्ष २०७९/०८०मा १४ वटा जनावरको उद्धार गरिएको थियो । डुबेका मध्ये एउटा चित्तल र एउटा रतुवा मृग मृत फेला परेका थिए ।

नहरमा वन्यजन्तु वारपार गर्ने पुल र पानी खान -याम्प निर्माण भएपछि गत आर्थिक वर्षमा ३ वटा जनावर मात्रै नहरमा डुवेकामा सकुसल उद्धार गरिएको शर्माले जानकारी दिए । विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालको आर्थिक सहयोगमा वसन्ता करिडोर क्षेत्रको श्रीकृष्ण सामुदायिक वन र शान्ति महिला सामुदायिक वनको सीमाको बबई सिँचाइको मुख्य नहरमा वन्यजन्तु लक्षित संरचना निर्माण गरिएको छ । ३२ लाख ७३ हजार १ सय ७४ रूपैयाँको लागतमा पुल निर्माण भएका आयोजनाका इन्जिनियर विजय अधिकारीले जानकारी दिए ।

निकुञ्ज, मध्यवर्ती क्षेत्र र जैविक मार्गमा राष्ट्रिय गौरवका आयोजनाका संरचना वन्यजन्तुमैत्री हुनुपर्ने सरकारी नीति कार्यान्वयन भएसँगै वन्यजन्तुको विचरण क्षेत्र सहज गराउने संरचना निर्माण हुन थालेका छन् । यसले वन्यजन्तुलाई सजिलो भएको श्रीकृष्ण सामुदायिक वन समितिका अध्यक्ष ईश्वरबहादुर खत्रीले बताए । 'पहिला यो पुल नबन्दा धेरै वन्यजन्तु डेबेर मरेको पाइन्थ्यो । अहिले पुल बनेको एक वर्ष भयो त्यस्तो मृत्युको घटना हामीले भेटाएका छैनौं,' उनले भने, 'यो पुल निर्माण भएपछि यहाँ क्यामेरा राखेर अध्ययन अवलोकन गर्दा पुलबाट वन्यजन्तुहरू वारपार गरेको पाइएको छ ।'

क्यामेराको अनुगमनमा नील गाई, बँदेल, बाघ, स्याल, रतुवा मृगलगायतका जिवजन्तु वारपार गरेको पाइएको छ । पुल निर्माणपछि दुवै सामुदायिक वनमा निर्वाधरूपमा वन्यजन्तु आवतजावत गर्न थालेका शान्ति महिला सामुदायिक वन समितिकी अध्यक्ष अमृता चौधरी बताइन् ।पुल निर्माणपछि पानी खान नहरमा आउने जनावरलाई सहज भएको उनको अनुभव छ । 'जनावरको लागि पानी खान -याम्प निर्माण गरिएकाले यसको प्रयोग राम्रोसँग भएको छ,' उनले भनिन्, 'वन्यजन्तुलाई वारपार गर्न सहज नहुँदा मानिसलाई आक्रमण गर्ने, वालीनालीमा नोक्सानी पु-याउने गरेका थिए । अहिले त्यो घटेर शून्य नै भएको छ ।'



पुल निर्माण भएका क्षेत्रमा वन्यजन्तु हेर्न जाने मानिसहरूको संख्या बढ्न थालेपछि ती ठाउँमा मचान निर्माणको आवश्यकता दुवै वन समितिले औल्याएका छन् । वन समूहले डिभिजन वन कार्यालयमा समेत यसको प्रस्ताव पेश गरेका छन् । वन्यजन्तुको निर्वाध आवागमनमा प्रतिकूल असर नपर्ने वैकल्पिक उपायहरूको सुनिश्चितता हुने गरी संरचना निर्माण भइरहेका वन अधिकृत शर्माले बताए । अन्य स्थानमा पनि वन्जन्तु लक्षित पुल/संरचना पुल निर्माण गर्न सके नहरमा डुबेर मृत्यु हुने जनावरको संख्या शून्यमा झर्ने बताउँदै उनले भने, 'निर्माण हुने र भइरहेका भौतिक संरचनालाई वन्यजन्तुमैत्री बनाउन हामी जोड दिँदै आएका छौं ।'

**सडक दुर्घटना घटाउन सहकार्य**

वर्दिया राष्ट्रिय निकुञ्जको क्षेत्रमा सडक दुर्घटनामा परेर आर्थिक वर्ष २०८०/०८१मा ३७ जनावरको मृत्यु भएको छ । निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. अशोक रामका अनुसार नहर तथा दलदलमा डुबेर २९ जनावरको मृत्यु भएको थियो ।

बर्दिया निकुञ्ज र मध्यवर्ती क्षेत्र तथा जैविक मार्गमा वन, वन्यजन्तु र प्राकृतिक सम्पदा संरक्षणका लागि सरोकारवाला निकायबीच समन्वय र सहकार्यमा वन्यजन्तु मृत्युदर घटाउने काम अगाडि बढाइएको निकुञ्ज प्रमुख रामले जानकारी दिए ।

भेरी बबई डाईभर्सन, बबई सिँचाइ आयोजना, सडक डिभिजन कार्यालय, सडक विभाग, रानीजमरा कुलरिया सिँचाई आयोजना, कर्णाली नदी नियन्त्रण आयोजना, डिभिजन सिँचाइ आयोजना, नेपाल टेलिकम, भूमिगत जलउत्पन्न प्रकोप नियन्त्रण आयोजना र डब्लुडब्लुएफ लगायतका निकायले वन्यजन्तुमैत्री संरचना निर्माणलाई प्राथमिकतामा राखेको उनले जानकारी दिए ।

सवारी साधनको ठक्करबाट वन्यजन्तु मारिने घटना नियन्त्रणका लागि निकुञ्ज अन्तर्गतको पूर्व-पश्चिम राजमार्गमा प्रतिघण्टा ४० किमी भन्दा बढी गतिमा सवार िसाधन चलाउन नमिल्ने गरी ठाउँठाउँमा स्पीड ब्रेकर राखिएको छ । बबई सिँचाइ नहर र दुवैतर्फको स्लोपमा पक्की ढलान गरिएकाले वन्यजन्तु ओहोरदोहोर गर्दा तथा पानी खान नहरमा पस्दा भिरालो पक्की ढलानले बाहिर निस्कन नसक्ने समस्या देखिएपछि उक्त नहरको ठाउँठाउँमा आहाल बस्ने र पानी खान मिल्ने गरी कम भिरालो पोखरी आकारका संरचना निर्माणको काम सुरू गरिएको निकुञ्ज प्रमुख रामले बताए ।

नहरले वन्यजन्तुको बासस्थान विभाजित भई आवागमन र ओहोरदोहोर गर्न बाधा पर्ने विभिन्न ठाउँमा सबै खाले वन्यजन्तु सहज हिड्न सक्ने खालका संरचना (पुल) निर्माण गरी माथिबाट माटोले पुरेर प्राकृतिक स्वरूप दिने व्यवस्था मिलाइएको छ ।

**यसरी बन्छन् वन्यजन्तुमैत्री पूर्वाधार**

वन्यजन्तुको वासस्थान तथा जैविक मार्गमा बन्ने पूर्वाधार वन्यजन्तुमैत्री बनाउन सरकारले निर्देशिका लागू गरेको छ । लामो समय वन तथा वातावरण मन्त्रालयमा अड्किएको 'वन्यजन्तुमैत्री पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड निर्देशिका-२०७७' कार्यान्वयनमा आएपछि निर्माणाधिन र निर्माण योजनामा रहेका संरचना वन्यजन्तुमैत्री बनाउने काम थालनी गरिएको छ ।

मापदण्डसहितको यो निर्देशिका जारी भएसँगै अब राष्ट्रिय निकुञ्ज, आरक्ष, जैविक मार्ग, रामसारमा सूचीकृत सिमसार क्षेत्र, वातावरण संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, वन संरक्षण क्षेत्र, मध्यवर्ती, विभिन्न प्रकारका वासस्थानको संगम क्षेत्र (इकोटोन) र प्रचलित कानुन बमोजिम संवेदनशील घोषणा भएका क्षेत्रमा वन्यजन्तु लक्षित संरचना निर्माण गर्नुपर्छ ।

निर्देशिकाले राष्ट्रिय निकुञ्ज, आरक्ष, जैविक मार्ग, रामसारमा सूचीकृत सिमसार क्षेत्रलाई अति संवेदनशील क्षेत्र भनेको छ । अन्य ६ क्षेत्रलाई संवेदनशील क्षेत्र मानेको छ । यी क्षेत्रमा रेखात्मक प्रकृतिका सडक, रेलमार्ग, सिँचाइ, नहर तथा नदी नियन्त्रण सम्बन्धी संरचना, ग्यास तथा तेलका पाइप लाइन, विद्युत् प्रशारण लाइन, जलविद्युत् आयोजनाको हेडरेस नहर, हेडरेस पाइप तथा पेनस्टक पाइप र यस्तै प्रकृतिका अन्य पूर्वाधार निर्माणका क्रममा वन्यजन्तुमैत्री संरचना निर्माण गर्नुपर्ने व्यवस्था छ ।

निर्देशिकाले भनेको छ, 'वन्यजन्तुमैत्री संरचना भन्नाले भायडक्ट, पूल, फ्लाइओभर, कल्भर्ट वा यस्तै प्रकृतिका पूर्वाधारको मुनिबाट वन्यजन्तु ओहोरदोहोर गर्न सक्ने अण्डरपास संरचना र भिलेज रोड ब्रीज, इको ब्रीज, क्यानोपी ब्रीज वा यस्तै प्रकृतिका पूर्वाधारको माथिबाट वन्यजन्तु ओहोरदोहोर गर्ने ओभरपास संरचनालाई बझ्नुपर्छ ।' क्षेत्रअनुसार -याम्प, गाइडिङ फेन्स, गाइडिङ वाल, एभियन डिफ्लेक्टर वा यस्तै प्रकृतिका वन्यजन्तु ओहोरदोहोर सहजिकरणका लागि प्रयोग हुने संरचना बन्नुपर्ने निर्देशिकामा उल्लेख छ ।

निर्देशिकाले पूर्वाधार निर्माणका लागि योजना तर्जुमा, विस्तृत आयोजना प्रतिवेदन र वन क्षेत्रको प्रयोग सम्बन्धी काम गर्दा अति संवेदनशील क्षेत्रको प्रयोग गर्नुबाहेक अन्य कुनै विकल्प नभएमा वन्यजन्तुको वासस्थान, जैविक मार्ग र पारिस्थितिकीय प्रणालीमा उल्लेखनीय प्रभाव नपर्नेगरी अध्ययन गर्नुपर्ने भनेको छ । त्यस्तो क्षेत्रमा पूर्वाधार निर्माणको प्रस्ताव गर्दा भौतिक, जैविक तथा सामाजिक-आर्थिक पक्षलाई मध्यनजर गरी दिगो विकल्पको प्रस्ताव गर्नुपर्ने र सम्भाव्यता अध्ययनका लागि वन तथा वातावरण मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ ।

अती संवेदशील र संवेदनशील क्षेत्रसमेत प्रयोग हुनेगरी पूर्वाधार निर्माणको प्रस्ताव गर्दा सुरूआतदेखिनै पूर्वाधारको विषयसँग सम्बन्धित सरोकारवालासँग छलफल र समन्वय गर्नुपर्नेछ । यस्ता क्षेत्रमा पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माणको योजना तर्जुमा गर्दा सम्बन्धित निकाय वा प्रवर्द्धकले वन, वन्यजन्तु र वातावरण विज्ञसमेत रहेको बहुपक्षीय टोलीबाट अध्ययन गराई प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ । निर्देशिकाले वन्यजन्तुलाई ५ वर्गमा विभाजन गरेको छ ।

साना वन्यजन्तु, मझौला प्रजाति, ठुला प्रजाति, धेरै ठूला वन्यजन्तु र चरा प्रजाति भनेर वर्गिकरण गरिएको छ । वन्यजन्तुमैत्री संरचना निर्माण गर्दा त्यस स्थानमा पाइने वन्यजन्तु प्रजातिमध्ये हात्ती लगायत सबैभन्दा ठुला आकारका वन्यजन्तुलाई लक्षितगरी योजना तर्जुमा गर्नु पर्नेछ ।नेपालमा वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका लागू हुनुलाई संरक्षणकर्मीहरू महत्वपूर्ण उपलब्धी ठान्छन् ।

डब्लूडब्लूएफ नेपालका देशीय प्रतिनिधि डा. घनश्याम गुरुङ निर्देशिका कार्यान्यनमा आउँदा वन्यजन्तुमात्रै नभएर मान्छेलाई पनि फाइदा पुग्ने बताउँछन् । 'निर्देशिकाले व्यवस्था गरेअनुसारका संरचना बने भने वन्यजन्तुलाई पूर्वाधारले कुनै असर गर्दैन् । उनीहरूले ढुक्क भएर जीवन निर्वाह गर्न पाए भने मानवसँगको द्वन्द्व घट्छ,' गुरुङ भन्छन्, 'यसको फाइदा सबैतिर छ ।' सबै निकायले निर्देशिकामा अपनत्व लिएकाले वन्यजन्तुमैत्री पूर्वाधारको निर्माण हुन थालेको उनको भनाइ छ ।

पूर्वाधारहरू वन्यजन्तुमैत्री नहुँदा दुर्घटना बढिरहेको समयमा आएको निर्देशिका वन्यजन्तु संरक्षणमा महत्वपूर्ण भएको डिभिजन वन कार्यालय बर्दियाका सूचना अधिकृत द्रोणराज शर्माले बताए । वन्यजन्तुमैत्री संरचना निर्माणपछि बबई सिँचाइ आयोजना क्षेत्रमा नहरमा डुबेर वन्यजन्तुको मृत्युदर घटेको उनले बताए । वन्यजन्तुमैत्री संरचना निर्माण हुन थालेपछि मानव-वन्यजन्तु द्वन्द्वका घटनासमेत कमी भएको उनको अनुभव छ ।

नेपालमा सडक दुर्घटनामा वन्यजन्तुको मृत्यु हुने दर बर्सेनि बढ्दो छ । राष्ट्रिय निकुञ्ज र वनजंगल हुँदै तीव्र गतिमा गुड्ने सवारीसाधनको ठक्करले कैयौं वन्यजन्तु अकालमै मृत्युको मुखमा परिरहेका छन् । त्यसैले, पूर्वाधार निर्माण गर्दा स्थान विशेषलाई ध्यान दिँदै डिजाइन एवं निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ । प्रकृति र इन्जिनियरिङ क्षेत्रको तालमेलको कमीले गर्दा यस्ता घटनालाई प्रोत्साहन मिलेको छ ।

## चन्द्रगंगाको ५१ औं बार्षिकोत्सव

**युग संवाददाता**
**सुर्खेत, १ असोज ।**

नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय वीरेन्द्रनगर-११ गाग्रेताल सुर्खेतको ५१ औं बार्षिकोत्सव तथा अभिभावक भेला मंगलबार सम्पन्न भएको छ । सोही अवसरमा विद्यालयका विभिन्न कक्षामा उत्कृष्ट भएका विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो । विद्यालयका प्रधानाध्यापक नेत्रमणी चालिसेले विद्यालयको आर्थिक तथा प्रगति प्रतिवेदन तथा प्रस्तावित बजेट तथा कार्यक्रम पेश गरेका थिए । विद्यालयको २ करोड ९२ लाख ९६ हजार पाँच सय ६ रुपैयाँ बराबरको आयव्यय विवरण पेश गरिएको थियो ।

## 'खेतबारी नराखौं बाँझो, अन्नबाली फलाउँ मिलाइ चाँजोपाँजो'

**युग संवाददाता**
**कैलाली, १ असोज ।**

सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा 'खेतबारी नराखौं बाँझो, अन्नबाली फलाउँ मिलाई चाँजोपाँजो' अभियान सञ्चालन गर्ने भएको छ । सोमबार प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले प्रदेशसभामा प्रस्तुत गरेको बजेटमा उक्त कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ ।

प्रदेशका पहाडी भेगमा जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्न तथा बाँझो जग्गाको उपयोग गरी फलफूल, तरकारी, मसलाखेती, घाँस खेती गर्न लगाउन सो अभियान सञ्चालन गरिने मन्त्री थापाले जानकारी दिए ।

उनले प्रदेशमा व्यावसायिक तरकारी खेती र आधुनिक प्रविधियुक्त स्याउ, ओखर, केरा, किवी, फलफूलका बगैँचा स्थापना गरिने बताए । मन्त्री थापाले बागबानी क्षेत्रका लागि रु २३ करोड ६९ लाख विनियोजन गरिएको बताए ।

'दुग्धजन्यपदार्थ तथा रैथाने बालीमा आधारित मुख्यमन्त्री वृद्धवृद्धा लक्षित पोषण कार्यक्रम'का लागि पाँच करोड विनियोजन गरिएको बजेटमा उल्लेख छ । उक्त कार्यक्रम आवश्यक कार्यविधि तर्जूमा गरी कार्यन्वय गरिने उनको भनाइ छ । मन्त्री थापाले यसको कार्यान्वयनबाट सुदूरपश्चिमको संस्कार तथा बुवाआमाको हेरचाह भावनाले सार्थकता प्राप्त गर्ने विश्वास व्यक्त गरे ।

उक्त कार्यक्रमबाट सुदूरपश्चिमको परम्परागत बालीको संरक्षण, प्रवर्द्धन र बजारीकरण भई पोषणयुक्त खाद्यान्नको प्रयोगमा बढोत्तरी हुने अपेक्षा गरिएको मन्त्री थापाले बताए । सुदूरपश्चिम प्रदेश सरकारले चालु आवका लागि रु ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजारको बजेट ल्याएको छ । अघिल्लो सरकारले गत असार १ गते ल्याएको बजेट पारित हुन नसकेपछि सोमबार सरकारले दोस्रो बजेट प्रस्तुत गरेको हो ।

सरकारले बजेटमा भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन लगायतलाई प्राथमिकतामा राखेको छ । अघिल्लो सरकारका आर्थिक मामिलामन्त्री सुरेन्द्र पालले गत असार १ गते रु ३१ अर्ब ६२ करोड ९८ लाख २८ बराबरकै बजेट प्रदेशसभामा प्रस्तुत गरेका थिए ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, डोल्पा (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सुकमाया तामाङ धनी रहेको, दर्ता नम्बर १८१३ बाट त्रिपुरासुन्दरी न.पा.-५, डोल्पामा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री मिलनी होटल एण्ड लज नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, डोल्पा समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## संविधान...

आवश्यकता कस्तो छ, त्यसका आधारमा विगतमा गरिएको भन्ने बुझेको छु, अहिले पनि त्यही होला भन्ने लाग्छ ।

**❖ संसद् र संसदीय समिति कहिलेकाहीँ सदस्यले संसदीय मर्यादाभन्दा बाहिर गएर अभिव्यक्ति दिएको सुनिन्छ । बहस स्वस्थ्य तुल्याउन यहाँको भूमिका र सुझाव के छ ?**

राष्ट्रियसभा र प्रतिनिधिसभा तथा मातहतका समितिमा हुने बहस, छलफल, वादविवादबारे मलाई कम अनुभव छ किनभने त्यहाँ सभामुख आफैं सहभागी हुने अवस्था कम हुन्छ । तथापि त्यहाँ दफावार छलफल, दलीय दृष्टिकोण आउन सक्ने भए, सांसदका आफ्ना विश्वास र बुझाइ पनि आउने भए, निर्वाचन क्षेत्रका जनताका माग र भनाइ आउने भए ।

त्यसका आधारमा विभिन्न कोणबाट बहस र छलफल हुनु नितान्त स्वाभाविक हो । विभिन्न सदस्यका बीचमा एउटै विचार, सोच, धारणा, प्रस्तुति, व्यवहार र भनाइ हुन्छ भन्ने छैन । जनताको भावना र विचारलाई जितेर आउनुभएका जनप्रतिनिधिका विभिन्न राजनीतिक आबद्धता, सामाजिक पृष्ठभूमि र घोषणापत्र हुन्छन् । त्यहाँका छलफल र निर्णयले नै विधेयक पास गर्न सर्वसम्मति वा बहुमत-अल्पमत भन्ने बाटो खुल्छ ।

संसद् खुला भएकाले अभद्र र अशिष्ट गतिविधि, अभिव्यक्ति र प्रयुक्त शब्द पारदर्शी नै हुन्छ । तर हामीसँग कतिपय पराम्परागत सञ्चालनको ढाँचा छ, त्यसमा देखिएका कमीकमजोरी सुधार गर्दै जानुपर्छ । यो स्वयंले आत्मप्रशिक्षित हुने र उदाहरण दिने कुरा हुन् । कैयौं कुरा अनुभव प्राप्त गरी नियमावलीमा समावेश गरेर पास गरेका छौं, त्यसकै आधारमा सभालाई सञ्चालन गर्ने हो । अभिव्यक्तिलाई संसदीय भाषा, मर्यादा, परम्परा र शैलीमा राख्ने हो । तोकिएका मार्गबाट सांसद बाहिर नजाऊन् भन्नाका लागि सभा सञ्चालनका ठाउँबाट निर्देशन गर्ने, सच्याउने, नियन्त्रण गर्ने काम गरिन्छ । अझै स्तरीय, प्रभावकारी, शिष्ट र मर्यादित रूपमा कसरी लैजाने भन्नेमा स्वयं दल, सदस्य सचेत हुनुपर्छ ।

**❖ कार्यपालिकाले व्यवस्थापिकालाई आवश्यक बजेट उपलब्ध गराएन भनी बेलाबेलामा सुनिएको छ, यसमा यहाँको धारणा के हो ?**

यथार्थ के हो भने कार्यपालिकालाई विभिन्न क्षेत्रबाट आएका प्रस्तावका आधारमा कार्य सम्पन्न गर्नुपर्ने दायित्व हुन्छ । व्यवस्थापिकाको व्यवस्थापकीय काम गर्नका लागि उसको विधेयक निर्माणसँग सम्बन्धित आवश्यक साथ सहयोग सबैबाट आवश्यक हुन्छ ।

संसद्लाई बजेट पनि पर्याप्त मात्रामा चाहिन्छ । तर राष्ट्रिय ढुकुटी कस्तो छ, आम्दानी स्थिति के छ बुझ्नुपर्छ, त्यसभन्दा फरक ढङ्गले संसद्का मात्रै आवश्यकता पूर्ति गरेर राज्य जान सक्दैन । अर्कातिर विकासका काममा कार्यपालिकाले अहिले सकिएन भने ६ महिनापछि गरौं भन्न सक्छ । बजेट विनियोजन भएका अत्यावश्यकबाहेकका योजना पनि रोक्न सकिन्छ तर संसदीय गतिविधि कसैले रोक्न सक्दैन । त्यसैले यसलाई सञ्चालन गर्न आवश्यक बजेट, प्रविधि र जनशक्ति चाहिन्छ । कुनै घटना भएमा अवलोकन गर्न टोली बनाएर जानुपर्ने हुन्छ । त्यसमा सक्दैनौं भनियो भने उसको दायित्व पूरा हुन सक्दैन, कार्यपालिकालाई गर्नुपर्ने निगरानी हुन सक्दैन ।

संसद्का गतिविधि राज्यकै हुन् । संसद्भित्र चाहिने आर्थिकलगायत कामकारबाही पूरा गर्ने दायित्व राज्यको हो । कार्यकारीले नै बजेट निर्माण र विनियोजन गर्ने काम नीतिभित्र बसेर गर्छ । यस्ता अवस्थामा एकले अर्कालाई आरोप होइन, साथ र सहयोग दिँदै आवश्यक न्यूनतम बजेट, जनशक्ति पुऱ्याउनुपर्छ । संसद्को काम केही छैन, यसले आफूलाई धेरै बजेट किन माग्नुपऱ्यो भन्ने बुझाइ र प्रचार गराइ यसको वास्तविकतालाई नबुझेर हो भन्ने लाग्छ । अरू मुलुकमा संसद्को सबैभन्दा पहिला न्यूनतम आवश्यकता पूर्ति गरेर मात्रै अन्य काम गर्नुपर्छ भन्ने मान्यता छ । त्यस्तै सोच यहाँ पनि क्रमशः विकास हुँदैछ ।

**❖ संविधान दिवसका अवसरमा नेपाली जनतालाई यहाँको केही सन्देश छ त ?**

हामीले ठूलो मेहनत र मूल्य चुकाएर लामो सङ्घर्षबाट संविधानसभाबाट संविधान ल्याएका छौं । अहिले संविधान संशोधनको कुरा चलिरहँदा त्यसलाई मनोगत ढङ्गबाट नभई वस्तुगत आधारमा व्यवस्थित ढङ्गबाट लैजानुपर्छ । संविधान कार्यान्वयन गरिँदा देखिएका कमीकमजोरीमा ध्यान दिनुपर्छ ।

लोकतान्त्रिक गणतन्त्रात्मक संविधानलाई जनताका हितमा प्रयोग गर्न सबै राजनीतिककर्मी खासगरी दल, नेतृत्वमा रहेका नेताहरूलाई नवौं संविधान दिवसले प्रेरणा देओस् । यसबीचको अनुभवले माग गरेको कुरा पूरा गर्दै आगामी दिनमा संविधानलाई प्रभावकारी ढङ्गबाट व्यवहारमा प्रयोग गरियोस् । यो अझ प्रभावकारी बन्न सकोस् । संविधानलाई सदा सदा कार्यान्वयन गर्न सक्ने एउटा अझै महत्त्वपूर्ण दस्तावेजका रूपमा लिन सकियोस् । सबैलाई शुभकामना छ ।

## Gurbhakot Municipality
### Office of the Municipal Executive
Mehalkuna, Surkhet

### Invitation for Online Bids

**Date of publication: 2081-06-01 (17-sept-2024)**

1. The Gurbhakot Municipality, office of the Municipal Executive surkhet electronic bids from eligible bidders for the construction and completion of Road and Building works mentioned in the "The works" under National Competitive Bidding procedures.
2. The works:

| S. N | Contract No. | Name of the Project | Estimated Cost Nrs without VAT | Bid security Amount NRs. | Cost of bid document NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/ GM/01/2081-082 | Dhaba Malarani Gufa Kholadab Kaule Road construction works Malarani surkhet. | 10,389,610.40 | 3,50,000 .00 | 3,000.00 | Last date of summation 2081/07/01 before 12:00 pm and opened 13:00 Pm |
| 2 | NCB/WORKS/ GM/02/2081-082 | Ward office building construction ,Repair and Maintenance works Gurbhakot 2,4 &13 surkhet | 21,18,643.10 | 72,000 .00 | 3,000.00 | Last date of summation 2081/07/01 before 12:00 pm and opened 13:00 Pm |

**Chief Administrative officer**

# अखिल क्रान्तिकारी कर्णालीको अध्यक्षमा शाही निर्वाचित

**युग संवाददाता**
**सुर्खेत, १ असोज ।**



नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीको कर्णाली प्रदेश अध्यक्षमा मानसिंह शाही निर्वाचित भएका छन् ।

सोमबार वीरेन्द्रनगरमा भएको दोस्रो सम्मेलनबाट शाही निर्वाचित भएका हुन् । यस्तै संगठनको वरिष्ठ उपाध्यक्षमा दैलेखका हिक्मतबहादुर शाही, उपाध्यक्षमा हिक्मत शाही (शिक्षा क्याम्पस), ध्रुव शाही, मनिषा चन्द, प्रकाश विक, टिकाराम विक र अजय विष्ट निर्वाचित भएका छन् ।

यस्तै प्रमुख सचिवमा नारायण केसी, सचिवमा विष्णु भण्डारी, पदम शाही, शुक्रराज रावल र कोषाध्यक्षमा भुवन गौतम निर्वाचित भएका छन् । संगठनको प्रदेश कमिटी ७५ सदस्यीय बनाइएको छ ।

## जनस्वास्थ्यमा...

कार्यालय प्रमुख श्रेष्ठले बताए । यस्तै यहीँ अवधिमा नियमित बजार अनुगमनका क्रममा कार्यालयले २३ वटा खाद्य उद्योग जसमध्ये तीन डेरी उद्योग, ३४ खाद्य किराना पसल, मार्ट, दुई दाना पसल र २२ वटा होटेल रेस्टुरेन्ट, स्टिृट फुडमा अनुगमन गरि देखिएका कैफियतहरु सुधार गराएको श्रेष्ठले बताए ।

अनुगमनको क्रममा खाद्य पदार्थ तयारी र वितरण गर्ने स्थान तथा परिसर स्वच्छ र सफा नरहेको भेटिएको तथा होटल/टेस्टुरेन्टहरुले खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ को दफा २५ बमोजिम सेवा प्रदायकको दाइत्व पूरा नगरेकाले सोहि ऐनको दफा ३५ बमोजिम खाद्य स्वच्छता कायम गर्न पाँच वटा होटल/रेस्टुरेन्ट लाई निर्देशन दिइएको छ । यस्तै अनुगमनका क्रममा म्याद नाघेका र कैफियत देखिएका चार सय ९२ दशमलव ७२ किलो झण्डै एक लाख ८४ हजार चार सय ४९ रुपैयाँ बराबरका खाद्य बस्तुहरु जफत गरी नस्ट गरिएको छ ।

चाडपर्व नजिकिदै जादा बजारमा खाद्य बस्तुमा कैफियत तथा मिसावट हुनसक्ने भएकाले उपभोक्तामा आफुले खरिद गर्ने खाद्य वस्तुहरुको लेवल विवरण एकिन गर्न तथा कुनै कैफियत देखिएमा जानकारी गराउन कार्यालयले आग्रह गरेको छ । बजार अनुगमन र निरिक्षणको काम निरन्तर चलिरहेको बताउँदै कार्यालय प्रमुख श्रेष्ठले नजिकिदै गरेका चाडपर्व लक्षित अनुगमनलाई तीव्रता दिइएको बताए ।

**अनुसूची–१०**
**दफा १.१५.४ (च) सँग सम्बन्धित**
**निक्षेप उपर हकदावीको सूचना**

**राष्ट्रिय बाणिज्य बैंक लि.**
**शाखा कार्यालय, सुर्खेत**

**३५ दिने सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/६/२)**

सुर्खेत जिल्ला वीरेन्दनगर-१२ बस्ने मोति प्रसाद सापकोटाको मिति २०८१/४/२५ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको श्रीमति नातापर्ने वीरेन्द्रनगर-७ बस्ने टिकावति सापकोटाले यस बैंकमा मिति २०८१/६/१ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय सुर्खेतमा हकदावी गर्न आउनु होला । सो म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भै जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

**उद्योग खारेजीको सूचना**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री हिक्मत ज्ञवाली धनी रहेको, दर्ता नम्बर ३६८६/०७४/०७५ बाट वी.न.नपा-७, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री बिहानी चिया नास्ता पसल नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएकोछ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
**DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।**



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.–३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका विरामीहरु केहि समय यता बढिरहेकाले रोकथामका उपायहरु अपनाउन अनुरोध गरिन्छ ।**

**डेंगी रोगका लक्षणहरु:**



- एक्कासि ज्वरो आउने ।
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने ।
- थकान महसुस हुने ।
- वाकवाकी लाग्ने वा बान्ता हुने ।
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रुचि नलाग्ने ।
- यी लक्षणहरू देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानुहोस् ।

**डेंगी रोगको रोकथामका उपायहरु:**

- पुरा बाहुला भएको लुगा लगाउने ।
- झुल भित्र मात्र सुत्ने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने ।
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने ।
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टेछिर्न नसक्ने गरी छोप्ने ।
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर निस्कदा वा पार्कमा जाँदा र बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने ।

**वीरेन्द्रनगर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**जनस्वास्थ्य शाखा, सुर्खेत**

**घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा**

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्दा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।

**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

Tour Package | Vehicle Rent | **E-Ticketing** | Trekking Guide | Shipping of goods
ENJOY YOUR JOURNEY




**GANGAMALA TRAVELS & TOURS PVT. LTD.**
Birendranagar-6, Surkhet 9851329169, 9858052810

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **प्रधान कार्यालय**: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।